आज मिति २०८० साल जेठ २१ गते यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु पारित गरियो ।

उपस्थितिः

| सि.न. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | उप-प्रमुख | |
| ३ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०१ | |
| ४ | कलक बहादुर खडका | वडा अध्यक्ष वडा नं-०२ | |
| ५ | गंग बहादुर खडका | वडा अध्यक्ष वडा नं-०३ | |
| ६ | ~~ईश्वर बहादुर खाती~~ पुष्पराज उपाध्याय न.प्र. | वडा अध्यक्ष वडा नं-०४ | |
| ७ | प्रेम थापा | वडा अध्यक्ष वडा नं-०५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं-०६ | |
| ९ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं-०७ | |
| १० | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं-०८ | |
| ११ | गोपाल बहादुर खडका | वडा अध्यक्ष वडा नं-०९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं-१० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं-११ | |
| १४ | उत्तरा कुइकेल खडका | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | दलित महिला सदस्य | |
| १९ | धर्मराज रसाइली | दलित सदस्य | |
| २० | लाल बहादुर सुनार | दलित सदस्य | |
| २१ | लोकेन्द्र बहादुर वि.क. | दलित सदस्य | |
| २२ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित

१. लाल बहादुर थापा (इन्जिनियर)

2. गोविन्द ब. बिष्ट (लेखा अधिकृत)

3. निरज प्रसाद रेग्मी (शिक्षा अधिकृत)

४. विजय कुमार [illegible] (योजना अधिकृत)

५. प्रकाश चन्द्र उपाध्याय (प्रशासन सहायक)

CamScanner

मिति २०८०-०२-२१ गतेको नगर कार्यपालिकाको बैठकका प्रस्तावहरुः

१. वडागत बजेट सिलिङ्ग र बस्ती तहका योजना छनौट सम्बन्धमा ।
२. विविध

मिति २०८०-०२-२१ गतेको नगर कार्यपालिकाको बैठकका निर्णयहरुः

**निर्णय नं १**

यस जयपृथ्वी नगरपालिकाको आ व २०८०।०८१ का लागि सबै वडाहरुले प्राप्त बजेट सिलिङ्ग मार्गदर्शन तथा योजना प्राथमिकीकरणका आधार बमोजिम बस्ती स्तरका योजनाहरु छनोट गरी २०८० साल जेष्ठ २८ गते भित्र यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ (क)**

यस जयपृथ्वी नगरपालिका वडा नम्बर ११ मा जयपृथ्वी राजमार्ग विस्तारको क्रममा रहेको र उक्त क्षेत्र अन्तर्गत सत्यवादी मा वि भोपूरको छात्रावास देखि चामा खोलासम्मको राजमार्गको जग्गा मिचेर घर टहरा बनाइएकोले राजमार्ग विस्तारको कार्यमा बाधा अवरोध पर्न गएकोले उक्त अनधिकृत संरचनाहरु हटाउन ३५ दिने सार्वजनिक सूचना जारी गर्ने र उक्त सूचना बमोजिम अनधिकृत संरचना नहटाएमा नगरपालिकाले नै उक्त संरचनाहरु हटाउने निर्णय गरियो ।

**निर्णय नं २ (ख)**

यस नगरपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण सम्बन्धी आचार संहिता,२०८० अध्ययनको लागि कार्यपालिका सदस्यहरुलाई समय दिई आगामी कार्यपालिका बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

२०८०।०२।२१

निर्णय नं. १ माथि आज मिति २०८०।०२।२१ गते पेश गरेको वडाको सिलिङ जनसंख्या र भूगोललाई आधार नमानी सिलिङ पेश गरेको हुँदा उक्त सिलिङमा हाम्रो सहमति छैन ।

१ सर्पिना थापा ११

१ लोकेन्द्र बोहरा ८

२०८०।०२।२१